# गुरुङ बुद्धिजम

## भागः १
## गुरुङ बुद्धिजमको पृष्टभूमिः

### १. गुरुङ बुद्धिजमको पृष्टभूमिः

गुरुङ बुद्धिजमको पृष्टभूमिको बोरमा सान्दर्भिक कुरा उठाउनु पर्दा, पुण्यभूमि कुशी नगरबाट उठान गर्न उपयुक्त ठान्दछु। किनभने, तथागत गौतम बुद्धले २५६७ वर्ष पहिले कुशी नगरमा महापरिनिर्वान लिने पूर्वसन्ध्यामा भिक्षु आनन्दलाई तेश्रो पटक "अपोदिपभव, संस्कार दर्पण, बुद्ध दर्शन" भनेर धर्मोपदेश गरेका थिए।

'हे आनन्द,' मेरो कारणमा शोक नगर। मेरो जीवनको उद्देश्य पूर्ण भैसक्यो। आफ्नो दिपक आफै बन्नु। आफ्नो मनको मालिक आफै बन्नु। कसैको दासत्व स्वीकार नगर्नु। संस्कार भनेको त दर्पण जस्तै हो। परिवर्तित समाज र संस्कारको आवश्यकता हेरी धर्मोपदेश गर्नु। बुद्धको त दर्शन मात्र हो। यो भनाइ कति तर्कसंग थियो ? बिद्धान पाठकहरु आफैले बुझ्ने प्रयास गर्नु होला।

तथागतले महापरिनिर्वान प्राप्त गरेको तीन महिना पछि राजगिरमा प्रथम संघायन भयो। यसरी, द्धितीय र

तृतीय संघायन हुदै, बुद्ध शासनको भिक्षु महासंघ हिनयान, महायान, श्रावकयान, बज्रयान र प्रत्येकयानमा बिभाजन भयो। यसरी छुट्टिएका प्रत्येक यानभित्र पनि सम्प्रदाय, मत र गुरुपरम्पराहरु मौलाए। फेरी पनि बुद्धबचनलाई भिक्षु आनन्दकै नेतृत्वमा पहिलो पटक पाली भाषामा त्रिपिटक लेख्ने प्रयास भयो। यो क्रम निरन्तर जारी रह्यो।

सातौं शताब्दीको प्रथम दशकबाट जम्बुद्वीपमा मुसलमानहरुको आक्रमन हुन आरम्भ भयो। यस क्रममा नालन्द विश्वविद्यालयमा पनि आगलागि भयो। यस दुःखत घट्ना पछि महायानी संस्कृतिले तिब्बतमा ञिङम परम्पराको स्थापना गर्न सफल भयो।

सर्वप्रथम त 'गुरुङ बुद्धिजम' के हो ? यसको पृष्टभूमि के हो ? यो परम्परा कुन मत वा सम्प्रदायबाट प्रभावित छ ? यसको प्रवेशद्धार कहाँ छ ? परम्परागत सम्बन्ध कहाँ छ ? यस बारेमा संक्षिप्त भए पनि खुल्ला छलफल हुन आवश्यक छ। त्यसैले, मूल विषयमा प्रवेश गर्नु भन्दा पहिले, बिद्धान पाठकहरुलाई के निवेदन गर्न चाहन्छु भने, गुरुङ जातिको आफ्नो छुट्टै भाषा, भेषभूषा, मौलिक संस्कार र संस्कृति छ। त्यही भाषा र संस्कार हाम्रो मौलिक पहिचान हो। अब, कुरा के आउछ भने, 'गुरुङ बुद्धिजम'लाई गुरुङ भाषामा के भन्ने ? शब्द कोशमा हेर्दा, योसंग ठ्याक्कै मिल्ने शब्दहरु छैनन्। पार्यवाची शब्दहरु पाउन पनि कठिन छ। किनभने हाम्रो भाषाले साहित्यको उचाई लिइसकेको अवस्था छैन। त्यसैले, गुरुङ भाषामा

'तमूबौद्धक्ष्या' प्रस्ताव गरिएको छ । बिद्धान पाठकहरुको सल्लह र सुझाव अनुसार परिमार्जन गरिने छ ।

हामीले स्पष्टसंग बुझ्नु पर्ने कुरा के छ भने, बुद्धिजममा हिनयान, महायान, बज्रयान, श्रावकयान र प्रत्येकयान छन् । सबै यानको आ-आफ्नै मुल्य र मान्यताहरु छन् । २१औं शताब्दीको समयको माग भनेको पहिचान सहितको छोटो, मिठो र सजिलो पद्धति हो । यस अर्थमा भन्नु पर्दा, कर्मकाण्डको ठाउँमा मौलिक संस्कारको अभ्यास गरी बौद्ध सूत्रहरुलाई बाचन गर्दा, उपयुक्त हुने देखिन्छ । किनभने कर्मकाण्ड भनेको अतीत र मौलिक संस्कार भनेको वर्तमान हो ।

यसरी मौलिक संस्कारको अभ्यास गर्दा, बिषेश गरी प्रवासको हकमा मृत्यु संस्कारमा लामा उपलब्ध नभएमा भाइभतह, मावली, किरिया पुत्र, छोरीज्वाइ, भलादमी गरी पाँच थरीका मानिसहरु जम्म भइ मृत्युन्जय महामन्त्र, जसलाई गुरुङ भाषामा (सिताङो) भनिन्छ, सोको पाठ गरी तत्कालिन अवस्थामा दाह संस्कार गर्न सकिन्छ। पछि ४९ दिन भित्र अनुकुलता हेरी गाउँ र ठाउँ अनुसार पितृकार्य बिस्तारमा पनि गर्न सकिन्छ । यसरी गुरुङ संस्कारको जगमा टेकेर उत्कृष्ट बौद्ध सूत्रको पाठ गर्ने प्रकृयानै 'गुरुङ बुद्धिजम'को पृष्टभूमि हो भनेर बुझ्नु पर्छ । हिजो हाम्रो पुर्खाहरु तिब्बतको (कुकोँलीँम्हार)बाट झरेको थियो । त्यसैले, 'गुरुङ बुद्धिजम'को मातृ सम्बन्ध पनि ञिङम मतसंग रहेको छ ।

## २. गुरुङ बुद्धिजमको उद्देश्यः

अहिलेको २१औं शताब्दीको जीवन पद्धतिलाई सुख, शान्ति र सरल बनाउने माध्यम भनेको छोटो, मिठो र सजिलो पद्धति हो । त्यसैले, यसका लागि बुद्धबचन बुझ्न आवश्यक छ । बुद्धबचनमा बस्तुवाद र हेतुवाद गरी दुइवटा मार्गहरु छन् ।

बस्तुवाद भनेको जीवन हो । जीवनलाई पद्धति चाहिन्छ । जीवन पद्धतिलाई सम्पन्न बनाउनका लागि केमेइष्ट्रि चाहिन्छ । केमेइष्ट्रि भनेको बस्तुहरुको मात्रालाई सन्तुलन मिलाउने बिधि हो । जस्तैः तरकारी पकाउनका लागि तरकारी केमेइस्ट्रीमा आवश्यक पर्ने नुन तेल मसला खुर्सानी अदुवा ल्हसुन हरियो धनियाको पात आदिको मात्रा सही ढंगमा प्रयोग गरी ठिक तरिकाले पकाइएको तरकारीको स्वाद उत्कृष्ट हुन्छ । उत्कृष्ट बस्तु अमृत समान हुन्छ । अमृत खाए पछि आनन्द हुन्छ । आनन्द भए पछि मनस्थिर हुन्छ । स्थिर भए पछि बृत्तिबिकास हुन्छ । बृत्तिबिकास भए पछि चारैतिर कीर्ति फैलिन्छ । जीवनमा अमूल परिवर्तन भएको अनुभूति हुन्छ । सुख, शान्ति, उन्नति, प्रगति र समृद्धि आफ्नै वरिपरी घुमिरहेको आभास हुन्छ । अर्थात वुस्तवादको अन्तिम लक्ष्य समृद्धि हो ।

दोश्रो हेतुवाद हो । हेतुवाद भनेको कार्यकारण सिद्धान्त हो । कारण, परिणाम र उपाए अर्थात प्रतित्यसमुत्पाद हो । यो आश्रित सिद्धान्त हो । जस्तैः एउटा दियोलाई लिउँ ।

एउटा कोठामा दीयो बलिरहेको छ । तर, दियो बाल्नका लागि एउटा दियो मात्र पर्यप्त हुँदैन । यसका लागि प्याला तेल बात्ति बाल्नका लागि माचिस दियो बल्न सक्ने उपयुक्त बातावरण, पर्यप्त अक्सिजन, हावा नचल्ने र वर्ष नहुने आदि बातावरणमा दियो बाल्न सकिन्छ । अनि मात्र दियोबाट प्रकाश उत्पन्न हुन्छ । यो प्रकृयालाई हेर्दा, दियोलाई कारण र प्रकाशलाई कार्यको रुपमा लिन सकिन्छ । अर्थात एउटा बस्तुको जगमा आर्कोले अस्तित्व प्राप्त गर्दछन् । यहीबाट बुद्ध दर्शन आरम्भ हुन्छ ।

आज भन्दा, २६०० वर्ष पहिले, गौतम बुद्धले प्रतिपादन गरेको चार आर्यसत्य, पञ्चशील, अष्टमार्ग र प्रतित्यसमुत्पादको मूल चुरी कार्य कारण सिद्धान्त हो । किनभने, प्रत्येक बस्तुको व्युत र च्युतमा कारण र परिणाम हुन्छन् । तर, कतिपय अवस्थामा हामीहरु यसबाट अनभिज्ञ रहेका हुन्छौं । के कारणमा कहिले, कहाँ के भएको थियो ? किन भयो ? कसले गर्यो वा गरायो ? अहिले के हुँदैछ ? अब के हुन्छ ? यो सबै कारणको हामीहरुलाई तत्काल जानकारी हुदैन । यही हो अज्ञानता भनेको । त्यसैले, प्रतित्यसमुत्पादको अन्त्य पनि अज्ञानमै हुन्छ । त्यही अज्ञानताबाट जरामरण जाति भव उपदान तृष्णा वेदना स्पर्ष षडायतन नामरुप बिज्ञान संस्कार र अबिद्य । यो १२ वटा अवस्थालाई प्रतित्यसमुदपाद वा भवसागर भनिन्छ । यही भित्रबाट निर्वान मार्ग खोज्ने ‘गुरुङ बुद्धिजम’को मूल उद्देश्य हो ।

## ३. ञिङ्म परम्पराको स्थापनाः

गुरुङ बुद्धिजमको माउ सम्बन्ध ञिङ्म परम्परासंग जोडिएको हुनाले यसको स्थापना कसरी भयो भनेर बुझ्न आवस्यक हुन्छ । ञिङ्म परम्पराको संस्थापक बज्रमहागुरु पद्मसम्भव हुन् । उनको बारेमा थोरै भए पनि जान्न आवश्यक हुन्छ । ञिङ्म स्थापक बज्रमहागुरु पद्मसंभावको जन्म पाकिस्तानको हिमाली क्षेत्रमा अवस्थित धनुकोषा तालको कमल बागमा एउटा ब्राह्मन परिवारमा भएको थियो । उनको पालन पोषण र शिक्षा दीक्षा उडिसाको बौद्धसिद्ध राजा इन्द्रमतिको राज परिवारमा भएको थियो । उनको जन्मको बारेमा धेरै किम्बदन्तिहरु छन् । त्यस मध्येमा उनी कमलबाट उत्पन्न भएका हुन पनि भनिन्छ । तर, एउटा मानिस कमलबाट कसरी उत्पन्न हुन सक्छ ? यो कुरा प्राणी शास्त्रको सिद्धान्त अनुरुप छैन ।

उनी युवास्थामै नालन्द विश्वविद्यालयमा बज्रयानी मार्गको आचार्य भए । बज्रयान भनेको प्राकृतिको गर्भबाट उत्पन्न भएका उत्कृष्ट धातुहरुको सही अर्थमा उपयोग र मन्त्रलई साधनाबाट योग सिद्धि गर्ने उत्कृष्ट मार्ग हो ।

हिमाली राज्य तिब्बतको ३३औं राजा श्रोङचन गम्पोको राज्याभिषेक भए पछि इसाको ६२४मा नेपालको राजा अंशुवर्माकी पुत्री राजकुमारी भृकुटीलाई बिबाह गरे । उनले दाइजोमा स्वर्ण बुद्धको प्रतीमा लेगेकी थिइन् । यहीबाट तिब्बतको राजदरबारमा बौद्ध धर्मको प्रवेश भयो

। यसैगरी, चीनको राजकुमरी वेनचेङलाई पनि बिबाह गरे । तिब्बती बौद्ध इतिहासमा भृकुटीलाई हरित तारा र वेनचेङलाई श्वेत ताराबाट सम्मान गरिन्छ ।

राजा श्रोङचन गम्पोले प्राज्ञ थोमि सम्बोथाको नेतृत्वमा १० जनाको प्राज्ञिक टोलीलाई भारतको नालन्द विश्वविद्यालयमा बौद्ध दर्शनको अध्ययन गर्न पठाए । उक्त टोलीले १० वर्षसम्म बौद्ध दर्शनको अध्ययन गरेर फर्के पछि सम्भोट लिपिको बिकास गऱ्यो ।

तिब्बतको राजा त्रिसोन (ठिशेङ) देचेनले बुद्ध धर्मको प्रचार प्रसार गर्न नालन्द विश्वविद्यालयको आचार्य पद्म-सम्भवलाई राजकीय निमन्त्रणा गरे । ७४३ इसको गृष्म ऋतुमा आचार्य पद्मसम्भव, शान्तरक्षित, कमलशील, दिपंकर र महानन्द आदि नेपालको भूमिहुदै तिब्बत पुगे । राजा त्रिसोन देचेनको परामर्श अनुसार बुद्ध दर्शनको प्रचार प्रसार भयो । बुद्ध दर्शनलाई बिधिवत रुपमा पठनपाठन गर्न सर्वप्रथम ‘सामलिङ’ गुम्बा स्थापना भयो । यसबाट बुद्ध दर्शनको जग बलियोसंग बस्यो । यो गुम्ब तिब्बतको सबभन्दा पुरानो स्कुल हो । यसलाई ञिङम मत, स्कुल वा सम्प्रदाय भन्दछ । ञिङम मतको स्थापना गर्ने समयमा प्राज्ञिक स्तरमा बृहत छलफल गरी सामाजिक जनजिवन-को मुल्य र मान्यतालाई मध्यनजर राख्दै, बुद्ध दर्शनको बाचन गरी, स्थानीय संस्कारमा आधारित जातीय संस्कारको अभ्यास गर्ने ञिङमले मुख्या आधार लियो । त्यसो भएकोले, जनजिवनमा लोकप्रियता प्राप्त गर्यो ।

राजा ठिशेङ देचेनको शासनकालमा संस्कृत भाषामा रहेको बुद्धदर्शन त्रिपिटकलाई १०८ जनाको प्राज्ञिक समूहले तीन वर्षको समय लगाएर तिब्बती भाषामा भाव अनुवाद गऱ्यो । यस समूहमा भारत, चीन, काश्मीर र स्थानीय लामाहरुको पनि सहभागीता थियो । यही अनुवादबाट तिब्बती (संभोटा) साहित्यको बिकासमा बलियो जग बस्यो ।

## ४. बुद्ध धर्मको मत र सम्प्रदायहरु:

समयको बिकास क्रमसंगै तिब्बतमा बुद्ध धर्मको बिकासको लागि गुम्बाहरुको स्थापना हुन थाल्यो । प्रत्येक गुम्बाले नयाँ नयाँ मतको स्थापना गऱ्यो । यसरी स्थापन भएका मतहरुमा ञिङम, कग्यु, साक्य र गेलुक हुन् । बज्रगुरु पद्मसंभाव ७५० ञिङम मतको संस्थापक । मार्पा चोकी लोदरो १०१२-१०९९ कग्यु मतको संस्थापक । खोन खोन्चोक ग्येल्पो १०३४-११०१ साक्य मतको संस्थापक । जे श्रोङ खापा १३५७-१४१९ गेलुक मतका संस्थापक हुन् । यसरी, तिब्बतमा बिकास भएका मतहरुलाई लामावाद भन्दछन् । ञिङम, कग्यु र साक्य सम्प्रदायले रातो र गेलुक सम्प्रदायले पहेलो टोपि लगाउछन् । यो उनीहरुको मौलिक पहिचान हो ।

यसरी, महायानी परम्परामा बिकास भएको मतहरुलाई हेर्दा, तिब्बतमा ञिङम, कग्यु, साक्य र गेलुक

सम्प्रदयको बिकास भएको देखिन्छ । अहिले आएर बोन सम्प्रदाय पनि थपिएको छ । कुनै समय लाङदर्म भन्ने राजाको पालमा बुद्ध धर्मको बिरुद्धमा बोन धर्मले टाउको उठाउने प्रयास भएको इतिहास पनि छ। अर्थात लाङदर्मले राजदरबारमा बुद्ध धर्मले धार्मिक शोसन गरेकोले उप्रान्त तिब्बतको राजकीय धर्म बोन हुने आदेश गरेको थियो ।

यो आदेशबाट गुम्बा र लामागुरुहरु माथि अत्यचार हुन थाल्यो । त्यस बखतका चर्चित लामा ल्हालुङ पल्गि दोर्जे गुफमा साधना गरी बसेका थिए । उनका अनुयायीहरुले बृतान्त कुरा बताए पछि, लामागुरु गुफाबाट सिधै उडेर राजदरवार पुगे । चर्चित लामागुरु अचानक दरबार भित्र आएको देखेर राजा लाङदर्म हडबडाए । लामाको योग साधनाको अगाडि उनको सुरक्षाकर्मीहरु निस्कृय भएको कटु सत्य पनि उनले मनमनै स्वीकार गरे । तर, उनी राजा भएकाले राजामा हुनु पर्ने अहंकार पनि प्रदर्शन गर्यो । तर, लामाको अगाडि उनको केही चलेन । लामाले उनलाई चेतवनी दियो कि, बुद्ध धर्मको बिरुद्धमा आदेश दिने राजाको एक हप्ता भित्र मृत्यु हुन्छ, लामाले भन्यो । लामागुरुले योग सिद्धी प्राप्त गरेको थियो । उनको अगाडि राजा लाङदर्म पानी जस्तै सिथिल भए । एक हप्ता पछि उनी आफ्नो मातृभूमि आम्दो गए । सन् ८४२मा उनको त्यही मृत्यु भयो ।

लामा दोर्जेको जन्म ड्रोम्टो गुङमोचे, पूर्वि ल्हासामा भएको थियो । उनले युवा अवस्थामै अहर्त बिमलमित्रसंग

दीक्षा लिएका थिए। उनी योग साधना र आकास मार्गबाट उडन सक्ने ऋद्धिबलमा प्रख्यात भए । उनी समालिङ गुम्बाको नवौं (महन्त) महागुरु थिए। केही इतिहासकारहरु के बिश्वास गर्छन भने, लामा दोर्जेले छल गरेर तीर हानी राजाको हत्या गरेका हुन् । तर, यो कुरा सत्य होइन । गुरुको योग साधनाको प्रभाव देखेर राजा भयभित भएका थिए। यही भय उनको मृत्यको कारण बन्यो। यो घट्ना पछि सन् १९५८सम्म अर्थात १,००० वर्षसम्म बुद्ध धर्मको अपार बृद्धि बिकास भयो।

यसैगरी, चीनमा सिन, हन, चन, सिन्ताइ, सिन्तो, शिगावा, हाउयान आदि सम्प्रदायको बिकास भएको देखिन्छ। जापानमा जेन बुद्धिजमका सम्प्रदायहरुमा रोकसु, जोतिसु, होस्सो, सन्रोन, केगोन, रिस्सु, कुशासु, तेन्दाइ, शिन्गोन, कामाकुरा, जोदोशु, जिशु, रिन्जाइ, सोतो, ओबाकु, फुकेशु, निचिरेन आदि रहेका छन् । यसैगरी, कोरियामा वोन बुद्धिजम । थाइलैन्ड, बर्मा, लावस, कम्बोडिया, भेतनाम, श्रीलंका र भारतमा दक्षिणी बुद्धिजम हिनयानमा आधारित थेरपाद र महास्थबीर परम्परा मौलाएका छन् ।

समग्रमा अध्ययन गरी हेर्दा, बुद्ध दर्शनलाई पूर्विय समुदायमा धर्मको रुपमा धारणा गरेको पाइन्छ भने, पश्चिमी देशहरु बिशेष गरी अमेरिकामा ‘उत्कृष्ट जीवन पद्धति’ (Prosperous Buddhism) को रुपमा अभ्यास गरेको देखिन्छ।

अब, राजधानी काठमाडौं उपत्यकाको आदिवासी नेवारी समुदायलाई पनि बुझ्ने प्रयास गरौं । नेवारी समुदाय हिन्दु र बुद्ध धर्म दुबैमा आस्था राख्दछन् । बुद्धमा पनि हिनयान र बज्रयान प्रमुख रहेका छन् । बज्रयानलाई बज्राचार्यहरुले नेवारी संस्कारको आधारमा चलाएका छन् । बज्राचार्य भनेको बज्रयानको आचार्य हुन् । छोटकारीमा बज्राचार्य वा गृहस्ति भिक्षु पनि भनिन्छ । यसलाई नेवारी बुद्धिजम पनि भनिन्छ । उनीहरु एक आपासमा भात्रित्व, मैत्रित्व, सामाजिक सदभाव र सह-अस्तित्वलाई स्वीकार गर्दै, मानसम्मान गर्ने गर्दछन् । यही कारणले गर्दा, नेवारी समुदायमा आन्तरिक खिचौलो खासै देखिदैन ।

यसरी, ञिङमा परम्पराबाट आफ्नो मौलिक पहिचान झल्किने गरी झरेको 'गुरुङ बुद्धिजम' र बोन धर्म मान्ने 'प्येल्हु संघ'ले पनि आपासमा भातृत्व, मैत्रित्व र सह-अस्तित्व स्वीकार गरी भाषा र संस्कार जस्ता जातीय पहिचानको सवालमा सह-कार्यका लागि एउटै मञ्चमा उभिन आवश्यक छ । तर, कतिपाय सवालमा आपासी समझदारी कायम गर्न खेगी, पैडी, चोगी र म्हिक्रेचोगी-हरुको बीचमा प्राज्ञिक छलफल हुन आवश्यक देखिन्छ । यसरी आपासी छलफल हुनसके सहमति खोज्न सकिन्छ ।

ञिङमा सम्प्रदायको गुरुपरम्परा (लिनेज)लाई सरसर्ति हेर्दा, गुरुरिन्पोछे पछिको मर्यादा क्रममा नुब्चे सांगे येशे रिन्पोछे, टुम्ज शाङत्रोन, ड्रिमेड कुङ्ग, चासुम लिङप गुरुहरुको तिथि मिति खोज्नेक्रम निरन्तर जारी रहनेछ ।

यसैगरी, रोङजुम चोगी जाङपो, पत्रुल रिन्पोछे, डुडजाम लिङप, मिफन रिन्पोछे, डुड्जोम जिग्ड्रल येशे दोर्जे, दिल्गो खेन्चे, त्रुलशिक रिन्पोछे, ताक्लुङ चेत्रुल रिन्पोछे, जुर्मे कुन्जाङ वाङग्याल, मिन्ड्रोलिङ ट्रिचेन, डुड्जोम रिन्पोछे, दिल्गो खेन्चे रिन्पोछे, खेन्चेन पाल्देन शेरब, पेनोर रिन्पोछे, काथोक गेशे रिन्पोछे, ड्रागचेन रिन्पोछे गुरुहरु एवं रिन्पोछेहरु आदरणीय रहेका छन् ।

ञिङ्म परम्परामा बज्रमहागुरु पद्मसंभाव पछिको चर्चित महासिद्धिगुरु पेनोर रिन्पोछे HH Penor Rinpoche को जन्म मार्च २७, १९३२मा तिब्बतको खाम क्षेत्रमा भएको थियो । उनको कुण्डलीको नाम द्रुब्वाङ पद्म नोर्बु रिन्पोछे थियो । उनलाई पल्चेन दुस्प र अहर्त बिमलमित्रको अवतारको रुपमा लिइन्छ । उनको पुर्खा कर्म थेग्चोङ ञिङपो हो । त्यस बखतको ञिङ्म परम्परामा उनले युवा अवस्थमै ख्याति कमाएका थिए । उनी (पलयुर) परम्पराको कर्म कुचेनको धर्माधिकारी, ११औं गद्दिसिन तेस्रो पद्मनोर्बु र तेस्रो ञिङ्म परम्पराको प्रमुख भए । उनी पाँचौं ड्रोग्चेन रिन्पोछे, थुब्तेन चोस्की दोर्जे, खेन्पो ङावङ पेल्जेङ, थुब्तेन चोस्की दावा र कर्म थेग्चोङ ञिङपोको प्रशिक्षक थिए ।

उनले सन् १९८५मा प्रथम पटक अमेरिकाको भ्रमण गरेका थिए । उनी ञिङ्म सम्प्रदायको कुशल प्रशिक्षक, अग्रगामी योगी र महासिद्धिगुरु थिए । उनको मृत्यु ७८ वर्षको उमेरमा मार्च २७, २००९मा साँझको ९: ३० बजे, नामड्रोलिङ गुम्बा मैसुर, भारतमा भयो ।

## ५. गुरुङ बुद्धिजमको परम्परा:

गुरुङ बुद्धिजमको परम्परा कहिलेदेखि कसरी भयो भन्ने सन्दर्भमा त्यस बखतका लम गुरुहरु पढेलेखेका थिएनन् । मौखिक रुपमा बाचन गर्ने परम्परा बस्यो । यसलाई 'पौंङ्ब' भनिन्थ्यो । ख्होलसौंथरको चर्चित ख्होइडु लमको शेख पछि 'पौंङ्ब'को गुरुपरम्परा चल्दै आयो । ख्होइडु लम पछि पैमउँ ग्याल, चसँ, त्हक्र हुदै नामग्याल लम नारफुमा पुग्यो । यही गुरुपरम्परालाई निरन्तरता दिन गुरुङ लमहरु नारफु गएर लम बिद्याको अध्ययन गरी फर्कन्थे । यो क्रम संवत २०२७ सालसम्म कायमै थियो । यही गुरुचेला परम्पराको नाताले नारको सेठी लम, लाठा लम र रिन्चे पासङ लम गुरुङको लमजुङ १० थर डाँडामा राम्रो यजमानी थियो । २०५६ सालमा लमजुङ बेसीशहरमा उपचार गर्दागर्दै उनको मृत्यु भयो ।

## ६. पौंङ्ब मतको लामाहरुको अवस्था:

श्रुतिवेदलाई गुरुङ भाषामा 'पौंङ्ब' भन्दछ । 'पौंङ्ब' भनेको मुखाकर रुपमा बाचन गर्ने श्रुतिवेद हो । संवत २०२७ सालसम्म गण्डकी प्रदेशमा यही परम्पराको संस्कार मौलाउँदै थियो । हामीहरु सबैलाई थाहानै छ कि, 'पौंङ्ब' मतको पुरानो पुस्ताको लम गुरुहरुले कालो रंगको छतरी टोपि लाउछन् । तर, आजभोलिका नयाँ पुस्ताले उग्र्यान लगाउद छन् । उग्र्यान भनेको पञ्चबुद्ध हुन् । उग्र्यानलाई

गुरुङ भाषामा (ह्विङ) भन्दछ । (ह्वि) भनेको आत्मा हो, जहाँ परमात्माले बास गरेको हुन्छ । त्यही परमात्माबाट ज्ञानको प्रज्जवलित प्रकाशको उदय हुन्छ । अर्थात त्यही प्रज्जवलित प्रकाशको अर्को नाम हो 'बुद्धतत्व' जहाँबाट ज्ञान, प्रज्ञा, करुणा र आनन्दको सितल लहर अविराल बग्दछ । (ङ) भनेको पाँच हो । तर, यस प्रसंगसंग जोडिएर भन्नु पर्दा, लम गुरुहरुले शिरमा लगाउने मुकुट, उर्ग्यान (ह्विङ) पञ्च बुद्धको प्रतिक हो । जस्माः अक्षोभ्य पूर्व, रत्नसंभाव दक्षिण, अमितभ पश्चिम, अमोधासिद्धि उत्तर र बैरोचना केन्द्रमा मुखाकृत रहन्छन् । परम्परागत लम र ख्लेपृमा (ह्विङ) परम्परा यथावतै रहेकोले दुवै खेगीहरुमा आदिम कालदेखि परस्पर सम्बन्ध रहेको सहजै अनुमान गर्न सकिन्छ ।

स्मरण रहोस्, लमुजङ जिल्लाको बाह्रथर भेगमा अझै पनि कालो छत्रिटोपि लाउने लमहरुको एउटा समूह बाँकीनै छ । उनीहरुले अझै पनि काटमार गरेरै कर्मकाण्डहरु गर्ने गर्दछन् ।

## ७. बसाइँ सराइको लहरः

विसं २०३६ सालको जनमत संग्रह पछि गुरुङ समुदायमा पनि बसाइँ सराइको लहर चल्यो । समय अनुसार अवसरको खोजिमा शहरीकरण हुन थाल्यो । समय र परिस्थिति अनुसार शहर बजारमा बसोबास गरे तापनि

आफ्नो संस्कृति र संस्कारहरु यथावतै खोजे । तर, बाजरको साँगुरो ठाउँमा कतिपय संस्कारहरु अनुकूल हुन सकेनन् ।

उदाहरणका लागि बाजरको साँगुरो ठाउँमा बसेका परिवारले अन्त्येष्टि र पितृकार्य गर्दा, लम कहाँ राख्ने ? अलँ कहाँ गाड्ने ? स्यर्ग कहाँ नाच्ने ? प्ल कहाँ नचाउने ? पाहुँनाहरु कहाँ राख्ने ? यावत कुराको समस्याहरुले गर्दा, मावली, भाइभतहहरु र घरका चेलीवेटीहरु मात्र गुम्बामा गएर (पए) गर्ने परम्परा हुन थाल्यो । समय र परिस्थिति अनुसार अन्त्येष्टि र पितृ कार्य (पए) गर्दा, गुरुङहरुले चाहेर नचाहेर पनि यो संस्कारको अवलम्बन गर्नु पर्ने बाध्यात्मक अवस्था श्रृजना हुन आयो । यो अवस्थाले गर्दा, प्रचलित मतले गुरुङ समाजमा सामाजिक मान्यता प्राप्त गऱ्यो ।

## ८. गुरुङ बुद्धिजमको बिशेषताः

अब 'गुरुङ बुद्धिजम'को बिशेषताको बारेमा पनि छोटकारीमा कुरा गरौं । सबै स्थापित मतको बिधि र पद्धतिहरु फरक फरक हुन्छन् । जस्तैः 'गुरुङ बुद्धिजम' अनुसार पूजापाठ गर्दा, सर्वप्रथम आफ्नै (खे)पितृ (मा) मातृलाई बन्दना गरिन्छ । त्यसपछि आफ्नो कुलदेव, इष्टदेव कौँरुँब, त्हङेदेव, सिद्धिदेव, आयुदेव ह्योँदेव र आफुले निवास गरेको स्थानको आसपासमा रम्ने बस्ने सिल्दो नाल्दो थानेमाने देवीदेवता देउराली भयारी नाग नागिनी ल्हल्हु यक्ष गन्दर्भ किन्नर देवपित्र इष्टमित्र

साथीभाइ र छरछिमेक सबैलाई नमन गरी अर्घम् पुष्पम् धूप्पम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा । सबै स्थानीय शक्तिपीठहरुलाई यथास्थानमा सम्मान गरिन्छ । तथागतले यसैलाई प्रत्येक बुद्ध भन्नु भएको छ । प्रत्येक बुद्ध अर्थात स्थानीय शक्तिपीठहरुको अवस्थालाई स्वीकार गर्ने 'गुरुङ बुद्धिजम'को बिशेषता भनेको । तपाइँको कुल परम्परामा पनि यस्तै छ होला नि ? सबैको कुल परम्परामा यही नियम लागु हुन्छ । तर, गाउँ र ठाउँ अनुसारको चलन चल्तिमा अठाह्र बिस, फरक हुनु भनेको स्वभाविक मानिन्छ ।

मैले यो कुरा किन गरेको हो भने, म बुद्धको कारणले जन्मिएको होइन ? यसको अर्थ, मैले बुद्धको चरित्र, प्रज्ञा, शील, समाधि र बिशेषतामा प्रश्न उठाएको पनि होइन । तर, कुन व्यक्ति कुन जात वंशको हो ? उनले आफ्नो कुल परम्परा कसरी मान्छन् ? यो व्यक्तिगत कुरा हो । वंश परम्परामा भर पर्ने कुरा हो । यसमा कसैले यस्तै हुनु पर्छ भनेर बन्देज लगाउनु मिल्दैन !

म कुन समयमा, कुन कुलमा जन्मिएको थियो ? त्यो मेरो इच्छा अनुसार भएको थिएन ? परिस्थितिको मिलन बिन्दु थियो । तर, जहाँ म जन्मिए, उनैलाई मैले माता पिता माने । उनैको कुलमा मेरो परिचय भयो । उनको सामाजिक र आर्थिक हैसियत के थियो ? मैले प्रश्न उठाउन मिल्दैन ? उनैको कारण मेरो जन्म भयो । नौ महिना पेटमा । नौ महिना अंगमा र नौ महिना काखमा

बसेर हुर्किए । अमृत सेवन गरे । यो सबै कुरा मैले कसरी बिर्सिन सक्छु र ? मैले यो कुरा बिर्सिए भने, मेरो मानवता समाप्त हुन्छ। त्यसपछि चेतना शून्य हुन्छ, पशुत्वमा झर्छ । अनि फेरी के को मानवता ? यो बुद्धबचनको कुरा गर्नुमा पनि कुनै तुक रहदैन ।

गुरुङ बुद्धिजममा जिवित र मृत गरी दुइ अवस्थामा कर्मकाण्ड गरिन्छ । जस्तैः जिवित कर्महरुमा गर्भ सुरक्षा पूजा न्वारन क्षेवर पुटपुटे गुन्यूचोली बिबाह घरपैचो खेमानाँब (स्याउ थैंब) फैलुनाँब ह्योँनाँब आयुर्त्हें ह्राँह्रीर्त्हें आदि प्रमुख रुपमा गरिन्छन् । यी पूजाहरुको आ-आफ्नै आवश्यकता र महत्व छन् । यस बाहेक, मृतकको नाउँमा पितृलोक वा सुखवतीको कामना गर्दै, पितृकार्य (पए) शून्य भावको अन्तिम पूजा गरिन्छ ।

यस कार्यमा लमहरुले बौद्ध दर्शनमा आधारित सूत्रहरुको पाठबाट स्वस्ति शान्ति गर्दछन् । तर, संस्कारको हकमा भने गुरुङ संस्कार अनुसार गर्दछन् । (पए) भनेको मृतात्मालाई पवित्र गर्ने धार्मिक प्रकृया हो ।

आजभोली च्याङबर जलाउने, फोबा र टुन्डा गर्ने चलन पनि देखिएको छ । तर, यो गुरुङको मौलिक संस्कार चाहि होइन ! किनभने, च्याङबर, फोबा र टुन्डा भन्ने शब्दहरु गुरुङ भाषाको होइन । यी शब्दहरु गुरुङ भाषाको नभए पछि, हाम्रो मौलिक संस्कार पनि होइन । त्यसैले, यस बारेमा खेगीहरु, पैडीहरु, चोगीहरु र म्हिक्रेचोगीहरु बसेर बृहद छलफल हुनु पर्छ । यसरी छलफल हुदा,

भाषाविद्हरुको राय सल्लाह बमोजिम अगाडि बढ्नु पर्छ । किनभने, गरुङ भाषामा फ्हैक्योए१, चौँक्योए२, लौँक्योए३ र तमूक्योए४लाई राम्रोसंग पहिचान गर्न सक्नु पर्छ । यस बाहेक पनि भाषा भाषी भाषिका स्थानीय लय रोस रवास आयतित प्रभावित कुन अवस्थाको हो ? भाषाको ल्याबमा राम्रोसंग परिक्षण गर्नु पर्छ । त्यसो हुन सक्यो भने, हाम्रो मौलिक संस्कारको सही पहिचान गर्न सकिन्छ ।

साँचो कुरा भन्नु पर्दा, अहिलेको प्रतिस्पर्ध भनेकै पहिचानको सवाल हो । यही पहिचानको लागि मानिसहरु मरिमिट्न तयार छन् । यस बिषयमा संसार भरी अनेक खालका राजनीतिक उथल पुथल भैरहेका छन् । हाम्रो आफ्नै भाषा, संस्कार र संस्कृति छ । यसैलाई प्राथमिकता दिनु पर्छ । यही हो आजको मूल प्रश्न पनि ।

गुरुङको संस्कारमा खेगी मावली भाइभतह छोरीचेली म्हो मबु चिरेर सगुन हेर्ने स्यर्ग क्रशा क्रमू क्रेगी प्ल अलँ दौथर पूजा र सुद्धि गर्ने आदि गरिन्छ । यसरी स्थानीय संस्कारहरुको आधारमा कर्मकाण्ड गर्दा, प्रत्येकयानको भावना र लक्ष्य अनुसार गुरुङको मौलिक पहिचानको संरक्षण पनि हुन सक्ने देखिन्छ ।

यसरी प्रत्येकयानको अभ्यास गर्दा, त्यसबाट प्राप्त हुने उत्कृष्ट गुण र स्वभावलाई धर्मको रुपमा धारणा गर्न सकिन्छ । २१औं शताब्दीको साक्षर गुरुङ समुदायका लागि 'गुरुङ बुद्धिजम'को मौलिक भावना समय सापेक्ष रहेको हुदा, यसलाई अभ्यास गर्दा, उपयुक्त हुने देखिन्छ ।

## ९. गुरुङ बुद्धिजमको गुरुपरम्परा:

१. आदिनम लम कर्मअप, ठिनी ख्ल्याल्स ।
२. लम लमच्यन, ठिनी ख्याल्स ।
३. लम पैमच्यन, ठिनी ख्याल्स ।
४. राजाबाट लम भएका कर्मच्यन, ठिनी ख्ल्याल्स ।
५. त्रिकालदर्शी गम्पोप लम, ख्होलसोँथर ।
६. लम ख्होइडु लम, ख्होलसोँथर ।
७. लम पोँपो लम, क्होलसोँथर ।
८. लम तोर्जे लम, क्होलसोँथर ।
९. लम टोडो लम, क्होलसोँथर ।
१०. लम काले लम, क्होलसोँथर ।
११. लम ख्होच्योँ लम, क्होलसोँथर ।
१२. लम पैम उँ ग्याल, लमफुलच्हो, लमचुँ ।
१३. लम चसँ, नौचुँ, कास्की, पैगीलामाको खे ।
१४. लम त्हक्र ग्याल, पोँजुकोँ, लमचुँ ।
१५. लम नामग्याल लमजुङबाट नारफु गएको ।
१६. लम पासङ नोर्बु, नारफु ।
१७. लम लाठा त्होर्जे लम, नारफु ।
१८. लम शेरजंङ गुरुङ, श्रीमन्जङ, लमजुङ ।
१९. लम खबेल गुरुङ, साम्रो, लमजुङ ।
२०. लम रिन्चे पासङ गुरुङ, नारफु ।
२१. लम सिँह बहादुर गुरुङ, पुमा, लमजुङ ।
२२. अवतारी लम बुद्रिमान गुरुङ, रापसीँ, लमजुङ ।

२३. लम सन्तोक गुरुङ, लामागाउँ, लमजुङ ।
२४. लम छ्यलाँ गुरुङ, हिले बाह्रथर, लमजुङ ।
२५. लम बालसिँ गुरुङ (पूर्णे) ताङतिङ, कास्की ।
२६. लम बिर्जमान गुरुङ, ताङतिङ, कास्की ।
२७. लम उमर गुरुङ, कपुरगाउँ, लमजुङँ ।
२८. लम गोपि गुरुङ, साम्रो, लमजुङ ।
२९. लम कर्म ह्रप्तेन गुरुङ, बेसीशहर, लमजुङ ।
३०. लम उमर गुरुङ, रामघाट, पोखरा ।
३१. लम दारी गरुङ, बेसीशहर, लमजुङ ।

यो पुस्तावली गुरुङ बुद्धिजमको 'लम' परम्परामा निरन्तर योगदान दिदै आउनु भएका गुरुङ 'लम' गुरुहरुको हन् । उनीहरुको बारेमा थप अध्ययन र अनुसन्धान हुँदैछ । श्रोत सामग्रीहरु प्राप्त भएपछि क्रमश थपिँदै लगिनेछ ।

स्मरण गर्नुहोस्, यो पुस्तावली 'लम' परम्पराको मात्रा हो । यस अध्ययनलाई मोटामोटी रुपमा हेर्दा, ३१ पुस्तासम्म देखिएको छ । ३१ पुस्ताको ३० वर्षको हिसाले गुणा गर्दा, ९३० वर्ष प्लस् माइनस् हुन आउने देखिन्छ । यसबाट के अनुमान गर्न सकिन्छ भने, गुरुङहरु नौसय तीस वर्ष पहिलेदेखि नै हिमाली बज्रयानी बौद्धदर्शनको सम्पर्कमा आइसकेको कुरा स्पष्ट रुपमा भन्न सकिन्छ । यसको प्रमाणको लागि ३१ पुस्ताको लमहरुको नामावली र परम्परागत रुपमा लमगुरुहरुले पढ्दै आएको संभोटा लिपिको हस्तलिखित उमे साहित्य पर्यप्त रहेको देखिन्छ ।

## १०. मृत्युन्जय महामन्त्र (सिताँङो):

गुरुङहरुको मौलिक संस्कार अनुसार गरिने दाह संस्कार र पितृकार्य (पए)मा (ठि्वक्वैँए) पछि मावलीबाट श्रद्धान्जलीको लागि आएको (आस्योँप्युरी) सगुनलाई ज्वाइले स्पष्ट गरी (सिताँङो)मा फलाक्नु पर्छ । ज्वाइले फलाक्न नजानेको अवस्थामा उनको अनुमतिले अरु जान्ने मानिसले पनि फलाक्न सक्दछ । गुरुङ बुद्धिजमको लागि सिताँ फलाक्दा–

**यो क्रमू क्रेगी र अस्योँप्युरीको साथमा (फलन) ....... मावलीले तिम्रो लागि ल्याएको चोखो भात तिहुँन माछा मासु दूध दही ध्यू पानी मिठो मसिनो रोटी रक्सी फलफूल आदि भोक लाग्दा खानु । तिर्खा लाग्दा पिउनु । जाडो हुँदा ओड्नु । डरलाग्दा साथी गर्नु । थकाइ लाग्दा बिसाउनु । आँध्यरो हुँदा उज्यालो गर्नु । यो अस्योँप्युरीको पुण्यको प्रभावले मनले चिताएको र आँखाले देखेको पाउनु । बाटो मुनी बाटो माथि नअल्मलिकन सरर पितृलोक गएर आफ्नो मातृ पितृहरुसंग भ्याम्मिन जानु । तिम्रो कर्म फलले गर्दा, कदम कदाचित पितृलोक जादा कुनै बाधा अड्चन भएमा भूत, प्रेत, पशु, र पिचास योनिमा जन्म लिन नजानु । यदि जन्म लिने तृष्णै भएमा आफ्नै कुलमा पुनः जन्म लिन आउनु आमा/आपा रिन्पोछे ।**

यो (सिताँङो) भनेको मृतात्मालाई पितृलोक हुदै, बुद्ध क्षेत्र सुखवतीको लागि मार्ग दर्शन गराउने मन्त्र हो ।

यसरी, पितृलाई पुनःस्मरण गराएर बैकल्पिक मार्गको चयन गराउने गुरुङ बुद्धिजमको मूल आसय हो ।

यो मुत्युन्जय महामन्त्र (सिताँङो)को अर्थ के हो भने, मृत्यु पछि पनि पितृलोक, सुखवती, बुद्धक्षेत्रमा उनको जय होस् भन्ने अर्थमा बुझ्नु पर्छ । अर्थात जहाँ जय हुन्छ, संगसंगै पराजय हुन्छ । जहाँ पराजय हुन्छ संगसंगै बिजय हुन्छ । बिजय हुनका लागि पुण्यको श्रोत हुन आवश्यक हुन्छ । त्यसैले, पितृकार्य गरिएको हो । तर, मृतकले पुण्य प्राप्त गर्नका लागि के कस्तो पूजापाठ गरिएको छ भन्ने बारेमा उनलाई पनि जानकारी हुन आवश्यक छ । त्यसैले, उनले बुझ्ने सरल भाषामा पूजापाठ हुन वा गर्न आवश्यक छ । उनले नबुझ्ने भाषामा पूजापाठ गर्यो भने, उनले बुझ्दैन । नबुझे पछि पुण्य प्राप्त गर्न सक्दैन । पुण्य प्राप्त नभए पछि सुखवती पुग्दैन । अर्थात पितृकार्यको अर्थ सिद्ध हुदैन । यो कुरा प्रत्येक बौद्धमार्गीले स्पष्टसंग बुझ्नु पर्छ । बुद्ध दर्शनको महत्वपूर्ण पक्ष भनेकौ बुझेर काम गर्नु हो ।

यहाँनिर बौद्धमार्गीहरुले अलिकति बुझ्नु पर्ने कुरा के छ भने, धर्म भनेको के हो ? धर्म भनेको बस्तुको गुण र स्वभाव हो । अथवा जीवन र दर्शनको अभ्यासबाट प्राप्त हुने गहिरो अनुभव हो । परम् आनन्दको अनुभूति हो ।

आर्को व्यवहारिक कुरा के छ भने, भुमण्डलिकरण्को प्रभावमा परेका एकल गुरुङ परिवार, जहाँ दाह संस्कारको समयमा लम उपलब्ध हुन नसक्ने अवस्थामा, छोराले सेतो कात्रो (ठि्हक्वेँए) र दाग बत्ति दिने । छोरा नहुने अवस्थामा,

लोग्नेको लागि स्वास्नीले र स्वास्नीको लागि लोग्नेले कात्रो सहित पिण्ड दान गर्ने । छोरी ज्वाइले क्रशा गर्ने । मावलीले अस्योँप्युरी दिइ, मन्तव्यको साथमा एक मिनेट मौन धारणा गरी अन्तिम श्रद्धान्जली अर्पण गर्ने । पैडी, चोगीले उपरोक्त (सिताँङो) बाचन गरी तत्कालिन अवस्था हेरी अर्घम् पुष्पम् धुपम् दीपम् सुगन्धम् नैवेतम् सर्वपरिकार महापञ्च अमृत स्वाहा । यति (सिताँङो) बाचन गरी दाह संस्कार गर्न सकिन्छ । यति कार्य सम्पन्न हुन सक्यो भने, न्यूनतम संस्कार भएको बिश्वास गर्नु पर्छ ।

यसरी, दाह संस्कार गर्दा, तीन दिन किरिया बस्ने । कपाल, दाह्रिजुंग र आँखिभौ काट्ने । यति कार्य सम्पन्न भए पछि चौथो दिनको बिहान घरको दैलोनिर पिण्डदान दिने । मावलीको साथमा नदीमा अस्तु सेलाउँने । यो पवित्र ग्रन्थ **‘बुद्धबचन’** बाचन गर्ने, गराउने । पढन नसक्नेले सुनेर पनि स्रोतापति फल प्राप्त गर्न सकिन्छ ।

गुरुङको पुरानो चलन अनुसार पितृकार्य (पए) गर्नु पर्ने हुन्छ । तर, २१औं शताब्दीको परिवेशमा छोटो, मिठो, सजिलो र समय सुहाउदो ‘गुरुङ बुद्धिजम’ अभ्यास गर्दा उपयुक्त हुन्छ । किनभने, पितृ कार्य (पए) गरे मात्र स्वर्ग जाने । नगरे नरक जाने, यो कुरा चाहि सत्य होइन । आस्था र श्रद्धाको भरमा मात्र संसार चल्दैन । वरिष्ट सांस्कृतिविद प्राज्ञ डा. जगमान गुरुङको भनाइ अनुसार गुरुङ संस्कारमा रहिव्या रहिकिर्या गुरुङको संस्कार अनुसार

बिबाह र पितृकार्य (पए) गर्न चाहनेले जतिखेर पनि गर्न सकिन्छ । यही सुगमता 'गुरुङ बुद्धिजम'को विशेषता हो ।

अहिलेको मानव समुदाय कोरोनाको कहरले त्रासिद भएका छन् । अत्यान्तै दुखत कुरा के छ भने, कोरोनाको कहरबाट मृत्यु भएका आफन्तहरुको भाइरसका कारण सतिगति गर्न पनि नपाइने भएमा वा कुनै प्रकारको प्रतिकुल अवस्था भएमा वा प्रवासमा भएमा छोराले गर्नु पर्ने काम, कर्त्तव्य र धर्म के हो ? भन्ने बारेमा गुरुङ बुद्धिजमको आधारमा संक्षिप्त जानकारी गराइएको छ ।

अचानक यस्तो अवस्था भएमा छोराले तीन दिनसम्म किरिया बस्ने । यसरी किरिया बस्दा, अष्टशीलको आधारमा मध्यान्न भन्दा पहिले एक छाक मात्र साधरण भात खाने । साधरण खाजा, फलफूल र चियापानी खाना सकिन्छ । साधारण बिछौनामा भुइमा सुत्ने । पञ्चशीलको पालन गर्ने । यस दौरान मनोरञ्जनको कुनै पनि दृष्य नहेर्ने । सकिन्छ भने **बुद्धबचन** सुन्ने सुनाउने । चौथो दिन बिहान घरको अगाडि पिण्डदान (सिम्हिकैंइ) दिने । सिम्हिकैंइ दिदा, पुरेत, लम, लामा, आनी, आचार्य, भिक्षु, कल्याण-मित्र, उपासक, उपासिका वा सूत्रपाठ गर्न जान्ने बौद्धमार्गी एक जना र भाइभतहको उपस्थितिमा मावलीबाट चोख्याउने काम गर्नु पर्छ । अरु कुराहरु गाउँ र ठाउँको चलन चल्ति अनुसार गर्न सकिन्छ । बौद्धमार्गीहरुले उनको नाउँमा प्रत्येक हप्त मृत्यु भएको दिनमा बत्ति बाल्नु पर्छ । ४९ दिन भित्र अनुकुल हेरी समापन गर्न सकिन्छ ।

## ११. विद्यमान अवस्था:

अहिलेको विद्यमान अवस्थमा नयाँ पुस्ताका हाम्रा पुज्यनीय लामाहरुले पनि बिभिन्न स्कुल र विश्वविद्यालय-हरुबाट उच्च शिक्षा हाँसिल गर्नु भएका छन् । विद्धता र प्राज्ञिकता हाँसिल गर्नु भएको छ । गुरुङ समुदायको लागि यो अत्यन्तै सुखद अवस्था हो । तर, कुन लामाले कहाँबाट कुन चाँहि दीक्षा दिएका हुन् । कुन चाँहि हिदम खेलाएका छन् । कुन चाँहि मोलम र सूत्रपाठ गरेका छन् ? यो कुरा प्राज्ञिक स्तरको भएकोले दाताहरुलाई पूर्ण जानकारी नहुन पनि सक्दछ । तर, 'गुरुङ बुद्धिजम' ञिङम परम्पराबाट झरेको हुनाले, हिमाली बज्रयानी उमे साहित्यमा रहेका उत्कृष्ट सूत्रहरु जस्तैः दीर्घायु सूत्र, रत्न सूत्र, मंगल सूत्र, भुमिदान सूत्र, भेडा पालन सूत्र, दुर्गति सूत्र, पाप देशना सूत्र, प्रज्ञापारमिता सूत्र, आर्य अपरिमिता आयुर्ज्ञान महायान सूत्र र महामारी सूत्र अत्यन्तै महत्वपूर्ण छन् ।

आज भोली, हाम्रो समुदाय र सामाजिक सञ्जालमा बारम्बर के कुरा सुनिरहेको छ भने, पितृपूजा (पए) वा अन्य कर्मकाण्डहरु गर्दा, यो गर्नु पर्दैन । त्यो गर्नु पर्दैन । कपाल खुर्काउनु पर्दैन । मोर मिछाँ गर्नु पर्दैन । मावली, चेलीवेटी, म्हो चाहिदैन । प्ल गर्नु पर्दैन । ७ दिन भन्दा पहिले च्याङबर जलाउन हुदैन । मुर्छमा हुन्छ । ७, ७ दिनमा टुन्डा गर्नु पर्छ । फोबा गर्नु पर्छ । ४९ दिन भित्र पितृपूजा समापन गरिसक्नु पर्छ भनेर बन्देज गरिएको पनि

सुनिन्छ । यो कामहरु बास्तवमा गर्न नहुने कामनै हुन् त ? अथवा गर्न हुदैन भनेर कुन सूत्रमा उल्लेख गरिएको छ ? वा गर्यो भने के हुन्छ ? पितृलोक जान्छ वा मर्त्यालोक जान्छ ? यसको प्रमाण कोसंग छ ? कति जना यसको प्रत्यक्ष साक्षी छ ?

मेरो जिज्ञास के हो भने, "समाजको लागि सामाजिक संस्कार हो कि ? लामाको लागि सामाजिक संस्कार हो ?" यो कुरा सर्वसाधरण जनमानसले बुझ्ने भाषामा प्रष्टसंग हुनु पर्छ र भन्नु पर्छ ।

यस सन्दर्भमा मैले लेखेको सबै कुराहरु ठिक । अरुले भनेको र लेखेको बेठिक भन्न खोजेको पक्कै पनि होइन । हामी बौद्ध मार्गमा आस्था राख्ने आस्थवान कल्याण-मित्रहरु सबै मिलेर हामीलाई चाहिने जतिको बन्दना, मोलम र सूत्रहरुको पाठ मिलाएर राख्न सके गुरुङ बुद्धिजम उत्कृष्ट मार्ग बन्न सक्दछ । यो हामी सबैको साझा दायित्व हो । यसमा हामी चुक्न हुँदैन ।

मैले त ठिनी ख्याल्सको आदिलम कर्मअपबाट चलिआएको गुरुपरम्परालाई क्रमवद्ध रुपमा उठाउन मात्र खोजेको हुँ । विसं २०७७ सालमा ३१ पुस्तामा चलिरहेको देखिन्छ । खालि आफ्नो परम्पराको ऐतिहासिक पृष्टभूमि खोताल्ने प्रयास मात्र गरेको हुँ । कुनै व्यक्ति, समुदायलाई होच्याउने, घोच्याउने र प्रतिशोधको भावनाबाट अभिप्रेरित भएर लेखेको होइन । यदि कहिँकतै कसैलाई चोट पुग्न गएमा क्षमा प्रार्थी छ ।

## १२. अवतारको अवधारणाः

अवतार भनेको पुनस्मृति हो । अर्थात पूर्व जुनिको कुराहरुलाई पनि पुनःस्मरण गर्न सक्ने अद्धितिय प्रणाली हो । यसलाई साधरण भाषामा पुनर्जन्म भन्दछ । शून्यताको सिद्धान्त अनुसार आत्माले शरीरलाई त्यागे पछि ४९ दिन भित्र कुनै न कुनै योनिमा रुप धारण गरिसकेको हुन्छ ।

यसरी, रुप धारणा गर्नु भनेको अवस्थाहरुको परिवर्तन हुनु हो । जस्तै उएटा बीज माटोमा झरे पछि केही समय माटोभित्रै बिभिन्न रुप, रंग र अवस्थाहरुमा परिवर्तन हुन्छ । त्यसपछि, सानो टुसाको रुपमा उम्रदै आउँछ । त्यहाँको माटो, उर्वरशक्ति, हावापानी, तत्कालिन समय र परिस्थिति अनुसार बिरुवाको अवस्थामा क्रमिक बिकास हुँदै आउछ । यसलाई नै व्युत्पतिको नियम भन्दछन् । यही नियम अवतारको आधारभूत अवधारणा हो ।

यसरी, बिरुवाको बिकासक्रममा पनि बिभिन्न अवस्थाहरुको रुप धारण गर्दै जान्छन् । समय अनुसार बिरुवा बृक्षको अवस्थमा बिकास भए पछि, निश्चित समय भोग गर्छ । ॠतु अनुसार बृक्षमा फूल फुल्छ, खेल्छ । त्यसबाट पुनः बीजको बिकास हुन्छ र माटोमा झर्छ । परिपक्क भएका बीजहरुबाट ॠतु अनुसार फेरी नयाँ अवस्थाको बिकास हुदै आउछ । यही हो प्रतित्यसमुत्पादको मौलिक सिद्धान्त । भव चक्र निरन्तर घुमिरहन्छन् ।

त्यो रुखले एउटा निश्चित समयको भोग पुरा भए

पछि बुढो रुख आफै ढल्छ वा ढालिन्छ । रुखले मुढाको रुप लिन्छ । त्यसलाई आवश्यकता अनुसार टुक्राइन्छ । उत्कृष्ट भागलाई थाम, दलिन, सरा, भाटा, फाटा र फलेगको रुपमा तैयार गरिन्छ । ती फलेगलाई पनि आवश्यकता अनुसार स-साना भागमा टुक्राएर फर्निचर, फिक्सचर र कला कृतिहरुको बिभिन्न बस्तुहरु उत्पाद गरिन्छ । बाँकी इन्धनको रुपमा प्रयोग गरिन्छ ।

यसरी, प्राकृतिको जीवन चक्रको सिद्धान्त अनुसार माटोबाट उम्रिएको रुख कालान्तरमा माटैमा बिलाउँछ । एवं रीतले रुप र अवस्थाको बिकास निरन्तर भैरहन्छन् । यसरी, नै आत्माले पनि एउटा शरीरलाई निश्चित समय भोग गर्छ । भोग सकिए पछि त्यो शरीरलाई त्यागेर दियोको रुपमा उड्दै पुन: गर्भ प्रवेशको लागि अनुकुलता खोज्छ । यसरी, अनुकुलता खोज्ने क्रममा समय र परिस्थिति अनुरुप नयाँ रुप र अवस्थाको बिकासक्रम निरन्तर भैरहेका हुन्छन् । तर, हामीले यी अवस्थाहरुको बारेमा सुष्म अनुभव गर्न सकिरहेको हुँदैन । त्यसैले, हामी मानव भएर पनि मानविय बिकास क्रमको शुष्म अवस्थालाई स्पष्टसंग बुझ्न सकेको हुँदैन ।

तथागत बुद्धले पूर्वानुस्मृति र व्युत्पतिको मूल सारमा यही कुरालाई बारम्बार दोहोराउनु भएको छ । उनले ४५ वर्ष धर्मोपादेशको मुख्या समय यसै प्रशंगलाई आधार मान्दै महाजातकको कथालाई पनि उजागार गर्नु भएको छ । महाजातकमा हजार जातक कथा छ । ती सबै बुद्धको

पूर्वजातक कथाहरु हुन् । कतिपाय काँचो दार्शनिकहरुले पुनर्जन्म वा अवतारमा प्रश्न उठाउनु भएको छ ? तर, ध्यान र साधनाबाट समाधिको नजिकै पुगे पछि प्रश्नको उत्तर सजिलैसंग पाउनु हुनेछ ।

यसरी भवसागरको अटुट चक्रको नियमलाई गहिरिएर हेर्दा, आत्माले एउटा शरीर त्यागेर अर्को शरीरमा प्रवेश गरी समय अनुकुल अवस्थाको बिकास गरिरहेको हुन्छन् ।

यस अर्थमा हेर्दा, प्रत्येक मानिसको पुनर्जन्म भैरहेको हुन्छन् । तर, सचेत अवस्थामा हुदाहुँदै, त्यो जीवात्मा कतै नबिसाइकन सिधै ऋतु भैरहेको गर्भमा प्रवेश भयो भने, त्यो शिशुको शारीरिक एवं बौद्धिक बिकासको साथसाथै पुनर्जन्मको कुराहरु पनि बिस्तारै स्मरण हुदै आउँछ ।

यसरी, पुनर्जन्मको कुरा स्मरण हुने मानिसलाई अवतार वा पुनर्जन्म लिएको भनेर भन्दछन् । सर्वसाधरण मानिसहरुले पुनर्जन्म लिएका हुन्छन् । तर, महात्माहरु, ठुला धर्मगुरुहरु र लामागुरुहरुले अवतार लिएको भनिन्छ । बोधिसत्वहरुले महाअवतार लिएका हुन्छन् । यसरी, पुनर्जन्म र अवतारको अवधारणामा बिद्धत्ताको मात्र फरक हुन्छ । मूल भाव र सार तत्वमा केही फरक हुँदैन ।

एक छिन सोँच्नु होस् त ? तपाइँ रातभर सुतेर बिहान उठे पछि, हात मुख धोएर १० मिनेट ध्यानमा बस्नु होस् । अनि हिजो दिनभर आफुले गरेका कामहरुलाई राम्रोसंग नियालेर एक पछि आर्को गरी, बिस्तारै संझनु होस् त ? तपाइँले पूर्ण रुपमा स्मरण गर्न सक्नु हुन्छ । तर, कुनैकुनै

घटनाहरु भने पूर्णरुपमा स्मरण नहुन पनि सक्दछ । किनभने यी सबै स्मरणहरु समय र अवस्थामा निर्भर रहने गर्दछन् । कुनै पनि काम भैरहेको अवस्थामा कर्ता पूर्ण रुपमा सचेत भएको हुनु पर्छ । सचेत नभएको अवस्थामा गरिएका क्रियाहरुको ठिकसंग स्मरण नहुन पनि सक्दछ ।

भवसागरको चक्र प्रणालिलाई अध्ययन गरी हेर्दा, प्रत्येक मानिसले पुनर्जन्म लिएकै हुन्छन् । फरक भनेको स्मरण र बिस्मरण मात्र हो । तुशिता भुवनमा निवास गर्ने श्वेतकेतु बोधिसत्वले पनि लुम्बिनी शालबागमा रानी महामाया देवीको कोखबाट अवतार लिएका थिए । धर्तीमा पैला टेक्ने बित्तिकै सात पाइला टेके । प्रत्येक पाइलामा कमल उत्पन्न भयो । अन्तिम पाइलामा दाहिने हातको चोर औली उठाएर सांकेतिक भाषामा मैले बुद्धत्व प्राप्त गर्ने छु भने । यो कुरा त्रिकालदर्शी कुलगुरु बाचस्पतिले बाहेक अरुले बुझ्न सकेनन् । भवतु सर्वमंगलम् ।